शैल्यशिखर नगरपालिका द्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ४१ मितिः २०८१/०९/१७

## भाग-१

## शैल्यशिखर नगरपालिका

# शैल्यशिखर नगरपालिका स्वास्थ्य नीति, २०८१

# स्वास्थ्य नीति, २०८१

शैल्यशिखर नगरपालिका, दार्चुला
सुदूरपश्चिम प्रदेश
नेपाल

# विषय सूची


१. पृष्ठभूमि ........ 1

२. समस्या, अवसर र चुनौती ........ 2

३.१ समस्या ........ 2

३.२ चुनौती : ........ 2

३.३ अवसर : ........ 2

३. नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य र उद्धेश्यहरु ........ 3

४.१ औचित्य ........ 3

४.२ निर्देशक सिद्धान्तहरु ........ 3

४.३ भावी सोच ........ 3

४.४ ध्येय ........ 3

४.५ लक्ष्य ........ 4

४.६ उद्धेश्य ........ 4

४. नीतिहरु ........ 4

५. प्रमुख रणनीतिहरु ........ 6

६. वित्तीयस्रोत ........ 17

७. अनुममन र मूल्याङ्कन ........ 17

८. जोखिम ........ 18

९. खारेजी ........ 19

## १. पृष्ठभूमि

नेपालको संबिधानले स्वास्थ्य सेवालाई प्रत्येक नागरीकको मौलिक हकको रुपमा स्थापित गरीसकेको अवस्थामा नगरपालिका अन्तर्गतका सबै नागरीकको स्वास्थ्य सेवामा पहुच पुर्याउने र आधारभूत स्वास्थ्य सेवाको सुनिश्चित गर्नु स्थानीय सरकारको दायित्व रहेको छ। संघीय संरचना अनुसार स्वास्थ्य सेवा व्यवस्थापनको लागि हाल भएको मानव संसाधन, सिप र दक्षताको उच्चतम उपयोग गरी स्वास्थ्य सेवा जस्तो संबेदनशील क्षेत्रमा बिगतमा हासिल भएका उपलब्धिहरुलाई संस्थागत गर्दै स्वास्थ्य सेवालाई थप जवाफदेही र मर्यादित बनाई सहज र सर्वसुलभ पहुचको व्यवस्थापन गर्नु आवस्यक छ। त्यसै गरी गुणस्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचांकमा सुधार ल्याई नगरपालिका को समग्र विकासको लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्न आवश्यक देखिएको तथा स्थानीय तहको महत्वपूर्ण भूमिका रहेकोले शैल्यशिखर नगरपालिकाले **स्वास्थ्य नीति,** २०८१ तयार गरी लागू गरेको छ ।

## १. विधमान अवस्था

शैल्यशिखर नगरपालिका दार्चुला  जिल्लाका नौ वटा पालिकाहरु मध्ये एउटा पालिका हो।पालिकाको क्षेत्रफल ११७.८१ वर्ग किलोमिटर रहेको छ भने पालिका अन्तर्गत नौ वटा वडाहरु रहेका छन् ।रास्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार पालिकाको कूल जनसंख्या २१७९९ रहेको छ र कूल जनसंख्या मध्ये पुरुषको संख्या ९५३३ तथा महिलाको संख्या ११५७३ रहेको छ।

पालिकाका सबै वडाहरुमा स्वास्थ्य संस्थाहरु संचालनमा रहेका छन् । पालिका अन्तर्गत प्राथमिक अस्पताल -१, स्वास्थ्य चौकी -५, आधारभूत स्वास्थ्य सेवा केन्द्र- ३ , सामुदायिक स्वास्थ्य ईकाई- ८ , शहरी स्वास्थ्य केन्द्र-४ , आयुर्वेद औषधालय -१ गरी २२ वटा स्वास्थ्य संस्था संचालनमा रहेका छन् ।यसै गरी समुदाय स्तरमा ५५ जना महिला सामुयिक स्वास्थ्य स्वयं सेविका  मार्फत जनस्वास्थ्यका प्राथमिकता प्राप्त कार्यक्रमहरु संचालन भईरहेका छन् । यसका साथै गेटा आखाँ अस्पतालको सहकार्यमा १ आखाँ उपचार केन्द्र समेत संचालनमा रहेको छ ।

मातृ तथा शिशु स्वास्थ्य, बाल स्वास्थ्य, पोषण, परिवार नियोजन, रोग नियन्त्रण कार्यक्रमहरु सुधारोन्मुख देखिएका तथ्य स्वास्थ्य सूचांकहरुले प्रष्ट हुन्छ । तथापि मापदण्ड अनुसारको संस्थाका भवन नहुनु, दरबन्दी अनुसारका जनशक्ति नहुनु, बैज्ञानिक संगठन तथा व्यवस्थापन सर्भे नहुनु, तथ्यमा आधारित योजना तर्जुमा प्रणालीको अभ्यासमा कमि हुनु आदि यस पालिकाका प्रमुख समस्याका रुपमा रहेका छन् । साथै नसर्ने रोगको भारमा वृद्धि हुदै जानु, मानसिक स्वास्थ्य समस्या वृद्धि हुदै जानु, जलवायु परिवर्तन, वातावरणीय प्रदुषण, किट

जन्य रोगको प्रकोप दरमा वृद्धि हुनु आदि जनस्वास्थका प्रमुख समस्याका रुपमा रहेका छन् ।

## २. समस्या, अवसर र चुनौती

### ३.१ समस्या

- मापदण्ड अनुसारको स्वास्थ्य संस्थाहरुका भवन नभएका
- स्वीकृत दरबन्दी बैज्ञानिक नभएको र भएका दरबन्दीहरु पनि पुरा नभएका
- योजना तर्जुमा प्रणालीमा स्वास्थ्य सूचनाको प्रयोग नभएको तथा तथ्य गत योजना तर्जुमा प्रणालीको संस्थागत विकास नभएको
- औषधि तथा उपकरण व्यवस्थापनमा सूचना (e-LMIS) को न्यून प्रयोग
- गोकुलेश्वर प्राथमिक अस्पताल बाहेक अन्य स्वास्थ्य संस्थामा **Live** (e-LMIS) नरहेको ।

### ३.२ चुनौती :

- स्थानीय तहको एकल अधिकार रहेको आधारभूत स्वास्थ्य तथा सरसफाई संग सम्बन्धीत कार्य क्षेत्राधिकार कार्यान्वयन गर्न प्रयाप्त क्षमता र स्रोत साधनको कमि हुनु
- जलवायु परिवर्तन, वायु प्रदूषण तथा वातावरणीय प्रदूषणले स्वास्थ्यमा असर पुर्याउनु
- प्रयाप्त स्रोत र लगानीको सुनिश्चित गर्न नसक्नु
- नसर्ने रोग तथा किट जन्य रोगको प्रकोप दर वृद्धि हुदै जानु

### ३.३ अवसर :

- संबिधानमा स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरीएको तथा तिनै तहको अधिकार क्षेत्र निर्धारण भएको
- राजनैतिक प्रतिवद्धता
- पालिका भित्रका सामाजिक, सांस्कृतिक तथा भौगोलिक बिशिस्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यान्वयन गर्ने
- स्वास्थ्य सेवाको पहुच तथा उपभोगमा वृद्धि गर्न निजि तथा गैर सरकारी क्षेत्र संगको साझेदारीलाई सदुपयोग गर्ने
- स्थानीय स्तर बाट नै स्रोत पहिचान तथा परिचालन र अनुगमन गर्ने

- स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुचमा वृद्धि तथा एकिकृत सूचना प्रणालीलाई सुदृढीकरण गर्ने

## ३. नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य र उद्धेश्यहरु

### ४.१ औचित्य

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हक, स्वास्थ्य तर्फको एकल र साझा अधिकारक्षेत्र, संघियताको सफल कार्यान्वयन, आवधिक योजना कार्यान्वयन,  दिगोविकास लक्ष्यको स्थानीयकरण र संघ तथा प्रदेशको स्वास्थ्य लगायतका विषयगत क्षेत्र गत नीति संग तालमेल मिलाई कार्य गर्नका लागि स्थानीय तहको स्वास्थ्य नीति आवश्यक छ। हालको स्थानीय स्वास्थ्य सेवा लाई निरन्तरता दिँदै यसका उपलब्धिहरु समेत दिगो राख्दै समय सापेक्ष र बदलिदो परिवेशमा नगरवासीका स्वास्थ्य सम्बन्धीका समस्याहरु लाई संबोधन गर्न यो नीति आवश्यक छ।

### ४.२ निर्देशक सिद्धान्तहरु

देहाय बमोजिम निर्देशक सिद्धान्तहरुका आधारमा यो नीति प्रतिपादनगरीएको छ ।

- गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच
- आधारभूत स्वास्थ्य सेवा मौलिक अधिकार
- समतामुलक र सामाजिक न्यायमा आधारित स्वास्थ्य सेवा
- स्वास्थ्य सेवाको संघीयकरण, स्थानीयकरण र दिगोविकास
- सबै नीतिमा स्वास्थ्य र स्वास्थ्य संस्थाको लोकतान्त्रिकरण
- समानता र जवाफदेहिता, नागरीकको सहभागिता
- स्वास्थ्य प्रणालीमा बहुक्षेत्रीय सहभागिता, सहकार्य र साझेदारी
- स्वास्थ्य सेवा प्रवाहमा व्यावसायिकता, इमान्दारिता, पेशागत नैतिकता र पारदर्शिता आदि।

### ४.३ भावी सोच

**"सुखी तथा स्वस्थ  नगर वासी"**

### ४.४ ध्येय

बहुक्षेत्रीय सहकार्य र साझेदारी मार्फत उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन गरी नगरबासीहरुको स्वास्थ्य सम्बन्धी मौलिकहक अधिकारको सुनिश्चितता गर्ने।

### ४.५ लक्ष्य

सामाजिक न्याय र सुशासनमा आधारित स्वास्थ्य प्रणालीको विकास र विस्तार गरी सबै वर्गका नागरीकका लागि गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोग सुनिश्चित गर्ने ।

### ४.६ उद्धेश्य

४.६.१ नागरीक लाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्नु ।

४.६.२ सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको व्यवस्था गरी प्रभावकारी एवं जवाफ देहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गर्नु ।

४.६.३ लक्षित वर्गलाई समेट्दै सामाजिक स्वास्थ्य सुरक्षा पद्दति लाई सुदृढ गर्नु।

४.६.४ बहुक्षेत्रीय साझेदारी, सहकार्य तथा सामुदायिक सहभागितालाई प्रबर्द्धन गर्नु।

४.६.५ नाफा मुलक स्वास्थ्य क्षेत्रलाई सेवामुलक स्वास्थ्य सेवामा रुपान्तरण गर्दै गर्नु।

## ४. नीतिहरु

शैल्यशिखर नगरपालिकाको विशिष्टीकृत भौगोलिक अवस्था तथा स्वास्थ्य सेवा सम्बन्धी समस्या र चुनौतीहरुलाई सम्बोधन गर्दै पालिकाका नागरीकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न पालिकाले देहाय बमोजिमका नीतिहरु अवलम्वन गरेको छ ।

५.१ पालिका भित्रका स्वास्थ्य संस्थाहरु बाट तोकिए बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरीनेछ ।

५.२ स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुसार प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक सेवाको विकास तथा विस्तार गरीनेछ ।

५.३ जीवन पथको अवधारणा अनुरुप सबै उमेर समुहका नागरीकको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गरी मातृशिशु, बालबालिका र किशोरकिशोरीको सर्वाङ्गीण विकास र परिवार व्यवस्थापन सेवालाई थप सुधार तथा विस्तार गरीनेछ।

५.४ औषधी तथा औषधीजन्य सामाग्री र उपकरणहरुको खरिद, आपूर्ति, भण्डारण र वितरणलाई नियमन तथा प्रभावकारी व्यवस्थापन गरीनेछ ।

५.५ स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन सीप मिश्रित दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई थप व्यवस्थित गरीनेछ।

५.६ नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार, समाज तथा सम्बन्धीत निकायलाई जिम्मेवार बनाउदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरीनेछ ।

५.७ स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गर्दै स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकीकरणका साथै अनुसन्धानबाट प्राप्त प्रमाण र तथ्यहरु लाई नीतिनिर्माण, योजना तर्जुमा तथा स्वास्थ्य पद्दतिको विकासमा उपयोग गरीनेछ।

५.८ सबै स्वास्थ्य संस्थाहरुमा आधारभूत आकस्मिक सेवा संचालनमा ल्याई नगरबासी हरुको आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरीनेछ ।

५.९ स्वास्थ्य बिमा मार्फत तोकिएका लक्षित वर्गहरुको चिकित्सकीय स्वास्थ्य सेवाको सुलभ पहुँच सुनिश्चित गरीनेछ ।

५.१० स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैरसरकारी क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रबर्द्धन गर्दै प्रभावकारी व्यवस्थापन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

५.११ स्वास्थ्य क्षेत्रमा नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समयानुकुल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरीनेछ ।

५.१२ स्थानीय स्तरमा उपलब्ध खाद्य वस्तुलाई जोड दिँदै पोषण अवस्थामा सुधारका साथै मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्य बर्द्धक खाद्द पदार्थको प्रबर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरीनेछ ।

५.१३ जनसंख्या व्यवस्थापनलाई नगरपालिका विकासको मूल आधारको रुपमा संस्थागत गरीनेछ।

५.१४ सरुवारोग, कीटजन्यरोग, पशुपन्छीजन्यरोग, जलवायु परिवर्तन र अन्यरोग तथा महामारी नियन्त्रण लगायत विपद व्यवस्थापन पुर्वतयारी तथा प्रति कार्यको एकीकृत उपायहरु अवलम्बन गरीनेछ।

५.१५ पालिका भित्र उत्पादन हुने फोहोर एवं संक्रमण जन्य वस्तुहरुको उचित विसर्जन र व्यवस्थापन गर्दै व्यक्तिगत, सामुदायिक एवं संस्थागत सरसफाइको अवस्थामा सुधार ल्याइने छ ।

५.१६ आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रुपमा विकास र विस्तार गरीनेछ ।

५.१७ सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरीने सेवाको गुणस्तर सुनिश्चित गरीनेछ ।

५.१८ स्वास्थ्य क्षेत्रको दिगोविकासका लागि आवश्यक वित्तीय स्रोत तथा विशेष कोषको व्यवस्था गरीनेछ।

## ५. प्रमुख रणनीतिहरु

**नीति ५.१ पालिका भित्रका स्वास्थ्य संस्थाहरु बाट तोकिए बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरीनेछ ।**

**रणनीतिहरुः**

५.१.१ प्रत्येक वडाहरुमा स्थापित सरकारी स्वास्थ्य संस्थाहरुबाट न्यूनतम मापदण्ड सहितको आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क उपलब्ध गराईनेछ ।

५.१.२ नेपाल सरकार र प्रदेश सरकार संग समन्वय गरी आधारभूत स्वास्थ्य सेवा लाई थप प्रभावकारी बनाईने छ ।

५.१.३ स्थानीय आवश्यकता अनुसार आधारभूत स्वास्थ्य सेवामा थप सेवाहरु समावेश गरीनेछ।

५.१.४ भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरु स्थापना, विस्तार, स्तरोन्नति तथा एकीकृत गरीनेछ ।

५.१.५ भौगोलिक रुपले दुर्गममा रहेका नागरीकको स्वास्थ्य सेवामा पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवाकेन्द्र, गाउँघर क्लिनिक र खोपक्लिनिक लाई थप व्यवस्थित र विस्तार गरीनेछ ।

**५.२ स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुसार प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक सेवाको विकास तथा विस्तार गरीनेछ ।**

**रणनीतिहरुः**

५.२.१ संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरी पालिका क्षेत्रमा १५ शैया को अस्पताल स्तरोनती गरी ५० शैया सम्मको स्थापना गरीनेछ ।

५.२.२ पालिका भित्रका साबिकका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरीने सेवा र स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको स्तरोन्नति गर्दै लगिनेछ । सबै स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्डको कार्यक्रमलाई व्यवस्थित गरीनेछ ।

५.२.३ स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेकाहरु लाई घुम्तीर घरदैलो स्वास्थ्य सेवा मार्फत तोकिएको सेवा प्रवाह गरीनेछ। नगरपालिका संगको समन्वयमा प्रत्येक स्वास्थ्य संस्थाबाट उक्त सेवा दिइनेछ।

५.२.४ मुख,आँखा,नाक, कान, घाटी, आँखा र मानसिक सेवा लगायतका उपचार सेवालाई विकास र विस्तार गरीनेछ ।

५.२.५ जिल्ला स्थित प्रादेशिक स्वास्थ्य सम्बन्धी कार्यालय संग समन्वय गरी विशेषज्ञ स्वास्थ्य शिविरहरु संचालन गरीनेछ। मातृ तथा बाल स्वास्थ्य र नसर्ने रोगसम्बन्धी स्क्रिनिङ्ग सेवा र स्वास्थ्य परिक्षणमा विशेष जोड दिइनेछ।

५.२.६ सबै स्वास्थ्य संस्थाहरुमा स्वच्छ खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित) र इन्टरनेट सेवाको व्यवस्था गरीनेछ ।

५.२.७ प्रत्येक स्वास्थ्य संस्थामा आवश्यकता अनुसार कर्मचारी आवास सहितको भौतिक पूर्वाधार क्रमशः स्तोरन्नती गरीनेछ । प्रसुती केन्द्रमा सेवा ग्राही केन्द्रित आमा घर र नवजात शिशु केन्द्र लाई व्यवस्थित गरीनेछ।

५.२.८ आधारभूत विद्यालय सम्मको लागि जनस्वास्थ्य सम्बन्धी पाठ्यक्रमा छुट भएका बिषय बस्तु समावेशगरी सामुदायक एवं विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी रुपमा लागू गरीने छ ।

५.२.९ प्रदेश सरकारको सहकार्यमा माध्यमिक विद्यालयमा प्रत्येक विद्यालयमा एक जना जन-स्वास्थ्य कर्मीको व्यवस्था गरी स्वास्थ्यका कार्यक्रम र जनचेतनाका कार्यक्रम गरीनेछ।

५.२.१० खोप क्लिनिकको पहुँच बढाई लक्षित वर्गको खोप पाउने अधिकार सुनिश्चित गर्दै सम्बन्धीत व्यक्तिले अनिवार्य खोप सेवा लिने व्यवस्था गरीनेछ साथै प्रतेक वर्ष सबै वडाहरुलाई **"पूर्ण खोप सुनिश्चितता तथा दिगोपना"** घोषणा गरीनेछ।

५.२.११ स्थानीय स्वास्थ्य आवश्यकता र व्यवहार लाई सम्बोधन गर्न स्थानीय भाषामा संदेश सामाग्री उत्पादन, प्रसारण र सम्प्रेषण गरीनेछ।

५.२.१२ स्वच्छ खानेपानी, सरसफाई तथा खाद्दपदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण लगायतका जनस्वास्थ्य लाई प्रतिकूल प्रभाव पार्ने क्षेत्रमा प्रभावकारी नियन्त्रण र नियमन गर्न सम्बन्धीत सरोकार वालाको समन्वयमा निगरानी प्रणाली लागू गरीनेछ ।

५.२.१३ जिल्ला स्थित सरकारी अस्पताल संगको सहकार्यमा दुर्गमका बस्तिहरुमा गाउँघर चिकित्सक कार्यक्रम संचालन गरीनेछ।

५.२.१४ अशक्त र अपांगता भएकाहरुको लागि अपांग मैत्री स्वास्थ्य संरचना र संयन्त्रको विकासका साथै सरकारी र निजी क्षेत्रको सलग्नतामा जेष्ठ नागरीकको सक्रिय र स्वस्थ जीवनका लागि जेष्ठ नागरीक स्याहार केन्द्रहरुको स्थापनाका लागि सम्बन्धीत निकाय संग समन्वय गरीनेछ ।

५.२.१५ क्षयरोग नियन्त्रण कार्यक्रम लाई थप प्रभावकारी रुपमा संचालन गरीनेछ । संघ सरकार र प्रदेश सरकारको समन्वयमा **"क्षयरोग मुक्त पालिका"** घोषण गरीनेछ ।

**५.३ जीवन पथको अवधारणाअनुरुप सबै उमेर समुहका नागरीकको स्वास्थ्य आवश्यकता लाई सम्बोधन गरी मातृशिशु, बालबालिका र किशोरकिशोरीको सर्वाङ्गीण विकास र परिवार योजना सेवालाई थप सुधार तथा विस्तार गरीनेछ ।**

**रणनीतिहरुः**

५.३.१ सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ र पहुँच योग्य बनाईनेछ।

५.३.२ आधारभूत तथा आकस्मिक प्रसूति सेवालाई सुदृढ गर्दै गर्भवती, सुत्केरी तथा नवजात शिशुको जटिलतायुक्त स्वास्थ्य अवस्थाको व्यवस्थापनको लागि आकस्मिक प्रेषण प्रणालीलाई थप व्यवस्थित गरीनेछ ।

५.३.३ नगरपालिकाभित्रका सुत्केरी आमाहरुलाई प्रसुती पछिको भेटमा प्रदान गरीने स्वास्थ्य सेवा नर्सिङ कर्मचारी मार्फत घरमै गई प्रदान गरीनेछ । समयमै गर्भवती तथा सुत्केरी आमाहरुलाई सूचना तथा जानकारी दिन संस्थागत मोवाइल सेट तथा आवश्यकता अनुसार रिचार्जको लागि व्यवस्थापन गरीनेछ ।
५.३.४ विभिन्न वर्ग, जाती, धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यको अवस्था विश्लेषण गरी आवश्यकताअनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरीनेछ ।
५.३.५ कानून बमोजिम सुरक्षित गर्भपतन सेवालाई गुणस्तरीय तथा प्रभावकारी बनाईनेछ । लिंग पहिचानको आधारमा गरीने गर्भपतनलाई पूर्ण रुपमा निरुत्साहित गरीनेछ ।
५.३.६ गुणस्तरीय यौन तथा प्रजनन् स्वास्थ्य सेवामा पहुच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरीनेछ र प्रत्येक वडामा दक्ष प्रसुतिकर्मी सहितको बर्थिङ् सेन्टर स्थापना गरीनेछ ।
५.३.७ नगरपालिकाका सबै स्वास्थ्य संस्थालाई किशोर मैत्री बनाई सेवा प्रदान गर्न सक्षम बनाईनेछ ।साथै किशोर किशोरीहरुको सहभागितामा जनचेतनामूलक कार्यक्रम संचालन गरीनेछ ।
५.३.८ नमूना परिवार तथा नमूना दम्पतिलाई पुरस्कृत गर्ने पद्धति अवलम्बन गरीनेछ । र महिला स्वास्थ्यमा प्रभाव पार्ने सामाजिक निर्धारकहरुलाई मध्यनजर गर्दै विशेष कार्यक्रम संचालन गरीनेछ ।
५.३.९ समुदाय स्तरमा षोष्ण कार्यक्रम लाई प्रभावकारी बनाउन २ बर्ष मुनिको बालबालिका हरुको पोषण स्थितिको लेखाजोखा कार्यक्रम लाई थप व्यवस्थित गरी संचालन गरीनेछ ।

**५.४ औषधी तथा औषधीजन्य सामाग्री र उपकरणहरुको खरिद, आपूर्ति, भण्डारणर वितरणलाई नियमन तथा प्रभावकारी व्यवस्थापन गरीनेछ ।**

**रणनीतिहरुः**

५.४.१ गुणस्तरीय औषधी र प्रविधिजन्य स्वास्थ्य सामग्रीहरुको व्यवस्थित आपूर्ति र भण्डारणको लागि नगरपालिकामा मापदण्ड अनुसार स्टोरको व्यवस्था गरीनेछ ।प्रत्येक स्वास्थ्य संस्थामा औषधी भण्डारणको लागि व्यवस्थित भण्डारण कक्षको सुनिश्चितता गरीनेछ ।
५.४.२ जिल्लास्थित स्वास्थ्य कार्यालय संगको समन्वयमा प्रत्येक वर्ष तथ्यमा आधारित औषधी खरिद योजना बनाईनेछ ।
५.४.३ प्रत्येक स्वास्थ्य संस्था र पालिकास्तरमा औषधि तथा सामग्रीको आकस्मिक माग बिन्दु र स्वीकृत मौज्दात परिमाणलाई सन्तुलनमा राख्ने व्यवस्था अनिवार्य गरीनेछ ।
५.४.५ बाह्य निकायबाट स्वास्थ्य संस्थाको लागि हुने औषधि तथा सामग्रीको सहयोगलाई नगरपालिकाको एकद्वार प्रणाली मार्फत व्यवस्थित गरीनेछ ।

५.४.६ सबै स्वास्थ्य संस्थामा उपलब्ध औजार, उपकरण र औषधि तथा अन्य सामाग्रीहरुको अध्यावधिक गरी प्रभावकारी सप्लाई चेन व्यवस्थापनको लागि क्रमशःविद्युतीय आपूर्ति व्यवस्थापन प्रणालीबाट गरीनेछ ।

५.४.७ व्यवस्थापन समितिको रहोवरमा स्वास्थ्य संस्थामा अत्यावश्यक औषधि तथा सामाग्रीको आकस्मिक उपलब्धताको सुनिश्चितता गर्न स्वास्थ्य संस्थामा आकस्मिक औषधि तथा उपकरण खरिदको लागि अनिवार्य रुपमा बजेट बिनियोजन गरी लागू गरीनेछ ।

५.४.८ प्रतिकारात्मक संभार, खरिद उपरान्त संभार आदि सिद्धान्तलाई व्यावहारिक रुपमा लागू गरीनेछ । उपकरणहरुको मर्मत तथा सम्भारका लागि सम्बन्धीत निकाय संग समन्वय गरीनेछ ।

**५.५ स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन सीप मिश्रित दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई थप व्यवस्थित गरीनेछ ।**

**रणनीतिहरुः**

५.५.१ अल्पकालीन तथा दीर्घकालीन योजना बनाई आवश्यक स्वास्थ्य जनशक्तिको प्राप्ति, विकास तथा उपयोग गरीनेछ।

५.५.२ चिकित्सक तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ति उत्पादनका लागि संघीय रप्रदेश सरकार तथा सम्बन्धीत शिक्षालय संग समन्वय र सहकार्य गरीनेछ ।

५.५.३ "एक चिकित्सक र स्वास्थ्यकर्मी – एक स्वास्थ्य संस्था" को अवधारणा लाई क्रमशः लागू गरीनेछ ।स्वास्थ्य सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दी जस्ता उपायहरुको अवलम्बन गरी जनशक्तिको उपलब्धता सुनिश्चित गरीनेछ ।

५.५.४ सम्बन्धीत निकाय संग समन्वय र सहकार्य गरी स्वास्थ्य कर्मी लाई आवश्यक ज्ञान, सीप तथा क्षमता विकासका लागि उच्चशिक्षा अध्ययन, सेवाकालीन तालिम, निरन्तर पेशागत तालिम, पेशागत वृद्दी विकासका लागि स्पष्ट मार्ग तथा अवसर प्रदान गर्नुका साथै पेशागत अनुसन्धान लाई प्रोत्साहन तथा प्रबर्द्धन गरीनेछ।

५.५.५ सबै वडामा रहने आधारभूत स्वास्थ्य केन्द्रमा आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न आकस्मिक अवस्थाको प्रारम्भिक उपचार, प्रारम्भिक ल्याब सेवा तथा अन्य आधारभूत एकीकृत उपचार सेवाप्रवाह गरीनेछ ।

५.५.६ स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि निश्चित मापदण्ड बनाएर जेहेन्दार, विपन्न लगायत लक्षित वर्गका परिवारका सदस्यहरु लाई अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था गरीनेछ ।

५.५.७ पालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको निर्दिष्ट कार्यविवरण तयार गरीनेछ र कार्य विवरणको आधारमा कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने र सोहि अनुसार पुरस्कृत प्रणाली लागू गरीनेछ ।

**५.६ नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार, समाज तथा सम्बन्धीत निकायलाई जिम्मेवार बनाउदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरीनेछ ।**

**रणनीतिहरुः**

५.६.१ सुर्तीजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन, विक्री वितरण र उपभोगलाई निरुत्साहित, नियन्त्रण तथा नियमन गर्न आवश्यक कानुन बनाई लागू गरीनेछ ।

५.६.२ सुर्तीजन्य पदार्थ, मादक पदार्थ जस्ता हानीकारक वस्तुहरुको किनवेच र उपभोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरीनेछ ।सामाजिक विकृती र कुलतमा लागेका व्यक्तिहरुलाई सुधार गर्न जीवन उपयोगी तालिम तथा मनोपरामर्श सेवा लगायतका कार्यक्रमहरु लागू गरीनेछ ।

५.६.३ नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने व्यवस्था मिलाइने छ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा, योग शिविर र मनोसामाजिक परामर्श सेवा संचालन गरीनेछ ।

५.६.४ सबै तहका स्वास्थ्य संस्था मार्फत स्वस्थ जीवन शैली प्रबर्द्धन र नसर्ने रोगको व्यवस्थापन गर्ने कार्यक्रमको विकास तथा विस्तार गर्दै उच्च रक्तचाप, मधुमेह, मृगौला रोग, मुटु रोग, अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत जनस्वास्थ्य अभियान संचालन गरीनेछ ।

५.६.५ स्वस्थ जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परिक्षण लाई बढावा दिँदै सार्वजनिक स्थलहरुमा क्रमशः सार्वजनिक व्ययामशालाको स्थापना एवं संचालन गरीनेछ।

५.६.६ विद्यालय स्तरमा विद्यालय योगप्रशिक्षकको व्यवस्था गरी क्रमशः विद्यालय योग कार्यक्रम लागू एवं विस्तार गरीनेछ।

५.६.७ वातावरण प्रदुषण नियन्त्रण, सुर्तीजन्य र लागूपदार्थ तथा मदिराको प्रयोग जस्ता जनस्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने लाई निरुत्साहन गर्दै सडक दुर्घटना, व्यवसायीहरुको कार्यस्थल सुरक्षाका लागि बहुक्षेत्रीय समन्वय गरीनेछ।

**५.७ स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गर्दै स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकीकरणका साथै अनुसन्धानबाट प्राप्त प्रमाण र तथ्यहरुलाई नीतिनिर्माण, योजना तर्जुमा तथा स्वास्थ्य पद्दतिको विकासमा उपयोग गरीनेछ ।**

**रणनीतिहरुः**

५.७.१ स्वास्थ्य सूचना प्रणालीलाई एकीकृत, प्रविधि मैत्री, समयानुकुल र नियमित बनाउदै स्वास्थ्य सम्बन्धी सूचना व्यवस्थित गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी, सहयोगी निकाय र

अनुसन्धानकर्तालाई प्रोत्साहित गर्न उत्कृष्ट अनुसन्धान कर्ता, स्वास्थ्यकर्मी एवं संस्थालाई वार्षिक रुपमा सम्मान गरीनेछ ।

५.७.२ स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धान बाट आएको नतिजालाई एकीकृत गरी प्राप्त तथ्य, प्रतिवेदन तथा निष्कर्षहरु लाई नीतिनिर्माण, योजना तर्जुमा तथा स्वास्थ्य पद्दतिको विकास तथा विस्तारमा प्रयोग गरीनेछ।

५.७.३ जनस्वास्थ्य निगरानी पद्दतिहरु लाई सुदृढ गर्दै एकीकृत निगरानी पद्दतिको विकास गरी अवलम्बन गरीनेछ।

५.७.४ स्वास्थ्य शाखा तथा सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट नै विद्युतीय अभिलेख तथा प्रतिवेदन राख्ने व्यवस्था मिलाईने छ।

५.७.५ ई-हेल्थलाई संस्थागत गर्दै मोबाईल हेल्थ, टेलिमेडिसिन लगायत अन्य आधुनिक प्रविधिको प्राप्ति र उपयोग गरीनेछ।

**५.८ सबै स्वास्थ्य संस्थाहरुमा आधारभूत आकस्मिक सेवा संचालनमा ल्याई नगरबासी हरुको आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरीनेछ ।**

**रणनीतिहरुः**

५.८.१ नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा आधारभूत आकस्मिक सेवा कक्षको स्थापना गरीनेछ । साथै प्राथमिक अस्पताल र जिल्ला अस्पताल संगको समन्वय र सहकार्यमा दोहोरो प्रेषणको व्यवस्था मिलाईनेछ।

५.८.२ नगरपालिका भित्रकुनै पनि नागरीक वा व्यक्तिको आकस्मिक स्वास्थ्य उपचार तथा गर्भवती,सुत्केरी तथा नवजात शिशुको आकस्मिकउद्दार सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

५.८.३ तोकिएका स्वास्थ्य संस्था तथा प्रसुति केन्द्रहरुबाट २४ घण्टा आस्कस्मिक प्रसुती सेवा प्रवाह हुनेछ ।

५.८.४ नगरपालिका भित्र सरकारी, निजी, सामुदायिक रुपमा संचालन हुने एम्बुलेन्स एवं शब बाहन सेवालाई निर्देशिका एवं मापदण्ड तयार गरी थप व्यवस्थित गरीनेछ।

**५.९ स्वास्थ्य बिमा मार्फत तोकिएका लक्षित वर्गहरुको चिकित्सकीय स्वास्थ्य सेवाको सुलभ पहुँच सुनिश्चित गरीनेछ ।**

**रणनीतिहरुः**

५.९.१ सामाजिक न्यायका सिद्दान्तमा आधारित रही विपन्न तथा प्राथमिकतामा परेका लक्षित वर्ग लाई राज्यको सहुलियतमा स्वास्थ्य बिमामा आबद्दग रिनेछ।

५.९.२ सरोकारवालाको समन्वयमा राष्ट्रिय वीमा कार्यक्रमलाई प्रभावकारी कार्यन्वयन गर्न बिशेष अभियान संचालन गरीनेछ ।

५.९.३ औपचारिक क्षेत्रलाई अनिवार्य स्वास्थ्य बिमाको दायरामा ल्याउदै सबै न गरवासीलाई विशेष सहुलियत पूर्ण प्याकेज मार्फत स्वास्थ्य बिमामा आबद्द गरीनेछ।

**५.११ स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैरसरकारी क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रबर्द्धन गर्दै प्रभावकारी व्यवस्थापन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।**

रणनीतिहरुः

५.११.१ तोकिएको मापदण्ड र निर्देशिका बमोजिम निजि तथा गैरसरकारी क्षेत्रका स्वास्थ्य सेवा प्रदायक संस्था दर्ता, अनुमति, संचालनतथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

५.११.२ लक्षित नगरवासीर क्षेत्रमा स्वास्थ्य तथा उपचार सेवा सुनिश्चित गर्न मापदण्डका आधारमा निजी तथा गैरसरकारी संघ संस्था संग साझेदारी गरीनेछ ।

५.११.३ निजि तथा गैर सरकारी एवं वाहय विकास साझेदारबाट संचालन हुने कार्यक्रमलाई नगरपालिकाको वार्षिक कार्यक्रममा समावेश गरीनेछ ।

५.११.४ व्यावसायिक संघ संस्थाहरुको सामाजिक उत्तरदायित्व अन्तर्गत स्वास्थ्य क्षेत्रमा कार्य गर्न बढावा दिँदै जनस्वास्थ्य सम्बन्धीका चेतनामुलक अभियानहरु संचालन गरीनेछ ।

**५.११ स्वास्थ्य क्षेत्रमा नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समयानुकुल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरीनेछ ।**

रणनीतिहरुः

५.११.१ सुशासन कार्यविधि बनाई स्वास्थ्यसेवालाई पारदर्शी, जवाफदेही एवं जनउत्तरदायी बनाईनेछ।

५.११.२ स्वास्थ्य संस्था सम्बन्धी व्यवस्थापन समिति गठन एवं संचालनको समयानुकूल कार्यविधि बनाई सेवाग्राहीको उजुरी, गुनासो, सुझावको सुनुवाई गर्ने संयन्त्र समेतको रुपमा विकास गरीनेछ ।

५.११.३ सबै वडामा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापनका लागि संस्थागत क्षमता अभिवृद्दी गर्दै स्वास्थ्य संस्थाबाट प्रदान हुने सेवाको बारेमा सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

५.११.४ निश्चित कार्य सम्पादन सूचक तोकी उत्कृष्ट कार्य गर्ने व्यवस्थापन समितिलाई वार्षिक रुपमा पुरष्कृत गरीनेछ।

५.११.५ स्थानीय समुदायको संस्कृतिलाई मध्यनजर गर्दै स्वास्थ्य सेवालाई सेवाग्राही मैत्री बनाईनेछ ।

५.११.६ पालिका भित्रका स्वास्थ्य संस्थाहरुले प्रवाह गर्ने सेवा र व्यवस्थापनको बहुपक्षीय अनुगमन तथा मूल्याङ्कन गर्न एकीकृत अनुगमन तथा सुपरिवेक्षण चेकलिष्ट तयार गरीनेछ।

५.११.७ स्वास्थ्य सम्बन्धी प्राविधिक सुझाव र सल्लाह दिनका लागि आवश्यकता र उपलब्धता अनुसार जनस्वास्थ्य विज्ञहरुको समिति गठन गरीनेछ ।

५.११.८ स्वास्थ्य सेवा प्रवाहलाई समसामायिक, गुणस्तरीय, छिटो छरितो र थप वैज्ञानिक बनाउन आवश्यकता अनुसार संगठन सर्वेक्षण र व्यवस्थापन गरीनेछ ।

**५.१२ स्थानीय स्तरमा उपलब्ध खाद्य वस्तुलाई जोड दिँदै पोषण अवस्थामा सुधारका साथै मिसावट युक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्यबर्द्धक खाद्द पदार्थको प्रबर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरीनेछ ।**

**रणनीतिहरुः**

५.१२.१ खाद्य विविधीकरण, खाद्य सुरक्षामा जोड दिदै पोषण व्यवहार सुधार तथा पत्रु खानलाई निरुत्साहित गर्ने सम्बन्धी सामाजिक व्यवहार परिवर्तनका कार्यक्रमहरु लाई उच्च प्राथमिकताका साथ लागू गरीनेछ ।

५.१२.२ पोषण संवेदनशील कृषि अभ्यास मार्फत अर्गानिक तथा पोषणयुक्त खाद्य वस्तु तथा स्थानीय जडिबुटीको उत्पादन प्रवर्धन गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारिएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरी सुरक्षित तरिकाले उपभोग गर्न प्रोत्साहित गरीनेछ ।

५.१२.३ विद्यालय स्वास्थ्य कार्यक्रम र पोषण शिक्षा लाई सुदृढीकरण गर्दै पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य स्थानीयखाद्य पदार्थ उत्पादन तथा प्रयोगका लागि प्रोत्साहन गरीनेछ ।

५.१२.४ स्थानीय स्तरमै पौष्टिक खाद्य पदार्थको उत्पादन, प्रशोधन तथा बजारी करणका लागि प्रोत्साहन र सहुलियत जन्य कार्यक्रमहरु संचालनमा ल्याइने छ ।

५.१२.५ महिला तथा बालबालिका लगायत विभिन्न उमेर समूहको पोषण अवस्था सुधारका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरु अवलम्बन गरीनेछ।

५.१२.६ स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थको उपयोग नियन्त्रण गर्दैखाद्य वस्तुको उत्पादन बिक्रि वितरणको प्रभावकारी नियन्त्रण तथा नियमन गरीनेछ ।

५.१२.७ सम्पूर्ण वडाहरुलाई क्रमिक रुपमा पूर्ण पोषणयुक्त बनाउदै पूर्ण पोषणयुक्त पालिका घोषणा मार्फत बृहत जनचेतना अभियान संचालन गरीनेछ ।

**५.१३ जनसंख्या व्यवस्थापनलाई नगरपालिका विकासको मूल आधारको रुपमा संस्थागत गरीनेछ।**

**रणनीतिहरुः**

५.१३.१ जन्म, मृत्यु, बिवाह, बसाई सराई जस्ता व्यक्तिगत घटना दर्ता कार्यलाई थप व्यवस्थित गरीनेछ ।

५.१३.२ जनसंख्या संग सम्बन्धीत सूचनालाई योजना तर्जुमा गर्दा र कार्यक्रम विकास गर्दा व्यापक रुपमा उपयोग गरीनेछ ।

५.१३.३ प्रसुति केन्द्रमा जन्मने सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा जन्म प्रमाण पत्र उपलब्ध गराउने व्यवस्था गरीनेछ।

५.१३.४ समुदायस्तरमा भएका हरेक नवजात शिशु एवं मातृ मृत्युको कारण पहिचान गर्न मृत्यु पश्चात गरीने भर्बल अटप्सी विधिलाई पद्धतीबद्ध गरीनेछ ।

५.१३.५ एकिकृत बस्ती व्यवस्थापन र विकासका लागि अध्ययन एवं पैरवी गर्नुका साथै बस्ती विकास योजना तर्जुमा गरी संघ र प्रदेश सरकार संगको समन्वय र सहयोगमा बस्ती व्यवस्थापन तथा विकास कार्यक्रम कार्यन्वयन गर्न जोड दिईनेछ ।

५.१३.६ स्वस्थ, सुखी परिवार बनाउन व्यवस्थित परिवार एवं परिवार योजना सम्बन्धीत कार्यक्रम संचालनमा विशेष जोडदिइनेछ ।

**५.१४ सरुवारोग, कीटजन्यरोग, पशुपन्छीजन्यरोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद व्यवस्थापन पुर्व तयारि तथा प्रति कार्यको एकीकृत उपायहरु अवलम्बन गरीनेछ।**

**रणनीतिहरुः**

५.१४.१ तोकिए बमोजिमका आधारभूत आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने व्यवस्था मिलाइने छ ।

५.१४.२ पालिका स्तरीय स्वास्थ्य आपतकालीन तथा महामारीको नियन्त्रण योजना बनाई लागू गरीनेछ ।

५.१४.३ नगरपालिका एवं प्रत्येक स्वास्थ्य संस्थामा जगेडा औषधीको भण्डारणको व्यवस्था अनिवार्य गरीनेछ ।

५.१४.४ पालिकामा भारबढी भएका सरुवा रोगहरुको अध्ययन, अनुसन्धान, निगरानी, रोकथाम, नियन्त्रण र निवारणका लागि प्रभावकारी कार्यक्रमहरु गरीनेछ।

५.१४.५ स्थानीय स्तरमा जुनोटिक, कीटजन्य रोगको नियन्त्रण र व्यवस्थापनका साथै सबल जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) को व्यवस्था गरीनेछ।

५.१४.६ विपद तथा महामारीको तत्काल सम्बोधन गर्नको लागि सबै वडामा संयन्त्रको स्थापना, क्षमता विकास, प्रति कार्ययोजना तथा पूर्व तयारी गर्नुको साथै घुम्ती अस्पताल सेवाको व्यवस्था गरीनेछ।

५.१४.७ विपद व्यवस्थापन, जोखिम न्यूनीकरण, स्वास्थ्य प्रवर्द्धन लगायत समग्र स्वास्थ्य सेवामा नागरीक र समुदायको सहभागिता र योगदानलाई प्रोत्साहित गरीनेछ।

५.१४.८ जलवायु र मौसम परिवर्तनले स्वास्थ्यमा पार्ने असर न्यूनीकरण गर्न बहुक्षेत्रीय निकाय संग समन्वय गरी स्वास्थ्य सचेतना सम्बन्धी कार्यक्रम संचालन गरीनेछ ।

**५.१५ पालिका भित्र उत्पादन हुने फोहोर एवं संक्रमण जन्य वस्तुहरुको उचित विसर्जन र व्यवस्थापन गर्दै खानेपानी रसरसफाइको अवस्थामा सुधार ल्याइने छ ।**

**रणनीतिहरुः**

५.१५.१ सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्काशित फोहोर मैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्र संग समन्वय, सहकार्य र साझेदारी गरीनेछ ।

५.१५.२ स्वास्थ्यजन्य फोहोरमैला संकलन, पुनः उपयोग, प्रशोधन र विसर्जन गर्दै निजी क्षेत्र लाई नियमन गरीनेछ।

५.१५.३ पालिकलाई खुल्ला दिशा मुक्त पालिका कायम गर्दै निजी क्षेत्रको साझेदारीमा सार्वजनिक स्थानमा सार्वजनिक शौचालयको व्यवस्था गरीनेछ।

५.१५.४ पालिका भित्र उत्पादन हुने फोहरमैला व्यवस्थापनमा फोहरमैलाको संकलन र पुनः प्रयोग को सिद्धान्तलाई उपयोग गर्दै निजि क्षेत्रको साझेदारीलाई अभिप्रेरित गरीनेछ ।

५.१५.५ कुनै पनि व्यवसायिक क्षेत्रबाट उत्पादन हुने फोहर पानी, रसायन एवं अन्य फोहरमैलाको व्यवस्थापन सम्बन्धी विशेष नियमन गर्न संयन्त्र विकास गरीनेछ ।

५.१५.६ पालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा फोहोरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने औजार, उपकरण तथा सामाग्रीहरुको व्यवस्थापन गरीनेछ ।

५.१५.७ नगरपालिका क्षेत्र भित्र खानेपानी र सरसफाई सम्बन्धी व्यवहार परिवर्तनका क्रियाकलापहरुलाई विद्यालय शिक्षामा समावेशगरी वातावरणीय सरसफाईमा समुदायलाई परिचालन गरीनेछ।

५.१५.८ नगरपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै विद्यालयहरुमा स्वच्छ र सुरक्षित खानेपानीको व्यवस्था गरीनेछ ।

५.१५.९ समुदायमा वितरण गरीएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण गरीनेछ ।

५.१५.१० संघीय र प्रादेशिक मापदण्ड बमोजिम पालिका भित्र खानेपानी, हावा, ध्वनीको गुणस्तरको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गरीनेछ ।

**५.१६** आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रुपमा विकास र विस्तार गरीनेछ ।

**रणनीतिहरुः**

५.१६.१ आयुर्वेदिक, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको विस्तार, विकास र व्यवस्थापन गरीनेछ ।

५.१६.२ स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास लगायतका असल व्यवहारलाई टोलस्तरमा पुर्याउन विशेष जोड दिइनेछ।

५.१६.३ स्थानीय स्तरमा उपलब्ध औषधिजन्य जडिबुटी, खनिज लगायतका वस्तुहरुको पहिचान, संरक्षण, संकलन, उपयोग र प्रबर्द्धन गरीनेछ।

५.१६.४ प्रचलित तथा परम्परागत चिकित्सा सेवाहरु लाई निश्चित मापदण्डका आधारमा सूचिकृत, व्यवस्थित तथा नियम नगरीनेछ।

**५.१७ सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरीने सेवाको गुणस्तर सुनिश्चित गरीनेछ ।**

**रणनीतिहरुः**

५.१७.१ स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितताका लागि पालिका भित्र एक नियमनकारी संयन्त्रको विकास गरीनेछ।

५.१७.२ सबै स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा गुणस्तर मापदण्ड विकास तथा परिमार्जन गरी लागू गरीनेछ।

५.१७.३ संघ तथा प्रादेशिक मापदण्ड बमोजिम गुणस्तरीय सेवा प्रवाहका लागि निर्देशिका र स्तरीय उपचार प्रोटोकलको प्रभावकारी कार्यान्वयन गरीनेछ।

५.१७.४ प्रत्येक स्वास्थ्य संस्थाको व्यवस्थापकीय पक्षको परिक्षण गरी सेवाको गुणस्तर तथा संस्थागत क्षमता अभिवृद्दी गरीनेछ।

**५.१८ स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि आवश्यक वित्तीय स्रोत तथा विशेष कोषको व्यवस्था गरीनेछ।**

**रणनीतिहरुः**

५.१८.१ स्वास्थ्य क्षेत्रमा पालिकाको लगानीलाई कुल बजेटको कम्तिमा दश प्रतिशत बनाई स्वास्थ्य सेवामा व्यक्तिगत खर्चको भार क्रमशः घटाईनेछ।

५.१८.२ स्वास्थ्य क्षेत्रको समग्र आम्दानी, लगानी, बाँडफाँड, प्रयोगको विश्लेषणात्मक विवरण पालिका स्वास्थ्य लेखा वार्षिक रुपमा प्रकाशित गरी नीति, कार्यक्रम योजना तर्जुमा गर्न प्रयोग गरीनेछ।

५.१८.३ अन्तरार्ष्ट्रिय मान्यता अनुसार स्वास्थ्य क्षेत्रमा नगरपालिकाले कुल बजेटको कम्तिमा दश प्रतिशत बजेट विनियोजन गरीनेछ ।

५.१८.४ दातृ निकाय, व्यक्ति, गैरसरकारी संघ संस्था लगायतको सहकार्यमा पालिकाले एक विशेष स्वास्थ्य कोष स्थापना गरी गरीब, असहाय, अशक्त, गर्भवती तथा सुत्केरी लगायतका लक्षित वर्गको उपचार तथा प्रेषणको लागि निश्चित कार्यविधि तयार गरी कार्यान्वयन गरीनेछ ।

**६. संस्थागत व्यवस्था**

यस नीतिमा भएका प्रावधानहरु कार्यान्वयनका लागि देहाय बमोजिम व्यवस्था गरीनेछ ।

६.१ स्थानीय सरकारको क्षेत्राधिकार भित्रका स्वास्थ्य सम्बन्धी कार्य संचालन तथा सेवा प्रवाहका लागि यो नीति मार्गदर्शक नीतिको रुपमा रहनेछ।

६.२ यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि स्थानीयतह अन्तर्गत रहेका स्वास्थ्य संग सम्बन्धीत सबै संस्था र संरचनाहरु पुनरावलोकन, सुधार तथा संशोधन गरी लागू गरीनेछ।

६.३ नीतिले परिकल्पना गरे अनुसार ऐन, नियमावली, मापदण्ड, निर्देशिका, कार्यविधि, प्रोटोकल लगायतका दस्तावेजहरु विकास गरी लागू गरीनेछ।
६.४ स्वास्थ्य क्षेत्रका विभिन्न विषयगत नीतिहरु लाई आवश्यकता अनुसार यसै नीति अन्तर्गत विषयगत राजनीतिका रुपमा विकास गरीनेछ।
६.५ पालिका स्वास्थ्य नीति, २०८१ अनुरुप स्थानीय तहले स्थानीय संरचनाहरु विकास र विस्तार गर्नेछ।
६.६ स्वास्थ्य नीति कार्यान्वयनका लागि संघ र प्रदेश सरकारका सम्बन्धीत निकायका साथै विभिन्न सहयोगी संघ संस्था संग आवश्यक समन्वय र सहकार्य गरीनेछ।
६.७ नीतिको विस्तृत कार्ययोजना तयार गरी कार्यान्वयन गरीनेछ।

## ६. वित्तीयस्रोत

संघ र प्रदेश सरकार बाट प्राप्तबजेट तथा अनुदान, दातृ निकाय, व्यक्ति र विभिन्न संघ संस्थाबाट प्राप्त हुने सहयोगका साथै नगरपालिकाको आन्तरिक स्रोत र ऋणबाट गरीनेछ । यस नीतिमा रहेका उद्देश्यहरु हासिल गर्न नगरपालिकाका सबै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणा बमोजिम कार्यान्वयनमा जोड दिइनेछ । संघ सरकार र सुदुरपश्चिम प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरीनेछ ।

## ७. अनुममन र मूल्याङ्कन

यस नीति कार्यान्वयनको अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मूल्याङ्कन गर्ने दायित्व सामाजिक विकास समिति, नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समिति, स्वास्थ्य शाखा र पालिका स्तरबाट गठन भएका संगठनात्मक संरचनाहरुको हुनेछ । यसको लागि उक्त संगठन तथा समितिहरुको क्षमता विकास गरीनेछ । वडा समितिहरु एवं अन्य सरोकारवाला निकाय संगको समन्वय र सहकार्यमा सहभागितामूलक अनुगमन प्रक्रिया अवलम्बन गरीनेछ । प्रत्येक पाँच वर्षमा यस नीतिको समिक्षा गरी आवश्यकता अनुसार परिमार्जन र अद्यावधिक गर्दै लगिनेछ ।

## ८. जोखिम

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवा लाई प्रत्येक नागरीकको मौलिक अधिकारको रुपमा स्थापित गरेको र देश संघीय संरचना अन्तर्गत सेवामा समतामूलक पहुँचका साथै गुणस्तरीय स्वास्थ्य सेवालाई मध्यनजर राखी नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रमहरु लाई समेत आधार बनाई पालिका स्वास्थ्य नीति, २०८१ तर्जुमा गरीएको भएतापनि यथेष्ट बजेटको विनियोजन गर्न नसके नीति कार्यान्वयनमा कठिनाई हुन सक्ने संभावना देखिन्छ । साथै समयानुकुल स्वास्थ्यको पूर्वाधार विकास, संगठनात्मक परिमार्जन र स्वास्थ्य जनशक्तिको व्यवस्थापनमा हुनसक्ने जटिलताले नीति कार्यान्वयन र यसको प्रभावकारितामा असर गर्न सक्छ।

## ९. खारेजी

हाल सम्म यस शैल्यशिखर नगरपालिकामा स्वास्थ्य नीति तयार गरी लागू नभएकोले खारेजीको व्यवस्था गर्नु नपर्ने देखिन्छ ।